**दोस्रो गाउंसभामा २०७५ असार २९ गते अध्यक्ष रामकुमार श्रेष्ठज्यूले प्रस्तुत गर्नु भएको आर्थिक बर्ष २०७५।७६ को नीति तथा कार्यक्रम**

सभाका अध्यक्ष महोदय
सभाका सदस्यज्यूहरु,

फाकफोकथुम गाउंपालिकाको आर्थिक बर्ष २०७५।०७६ को बार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्ने पृष्ठभुमिमा उपस्थित भई रहंदा सो को पुर्व शर्तको रुपमा रहेको बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित गाउं सभामा प्रस्तुत गर्न अनुमति चाहन्छु । यस गौरवपुर्ण अवसरमा सबै खालका राजनीतिक परिवर्तन र लोकतन्त्रको स्थापनार्थ शहिदहरुको त्याग र बलिदानको उच्च सम्मान गर्दै सम्पुर्ण शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

स्थानीय स्तरमा नै व्यबस्थापिका, कार्यपालिका र न्यायपालिकाको अभ्यास गर्ने संविधान प्रदत्त अधिकारलाई दीगो रुपमा संस्थागत गर्नु पर्ने दायित्वका साथै हाम्रो भौगोलिक अबस्था, विकास प्रतिको धारणा, कानूनी व्यबस्था र राज्यको पुनर्संरचनाको प्रारम्भिक अभ्यास आदिका कारण उपलब्ध सिमित श्रोत साधनबाट स्थानीय जनताका असिमित इच्छा आकांक्षा पुरा गर्दै सम्मृद्ध गाउंपालिका निर्माणको व्यबस्थित रुपरेखा तयार गरी कार्यान्वन गर्नु पर्ने अवस्था रहेको छ ।

संरचनागत, आर्थिक तथा कानूनी अवस्थाका आधारमा फाकफोकथुम गाउंपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरी सिफारिस गरेको यो बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभाबाट छलफल भई पारित हुनका लागि पेश गर्ने अनुमती चाहन्छु । प्रस्तुत नीति तथा कार्यक्रमका अधिकांश प्रतिबद्धताहरु गत आर्थिक बर्षमा यसै सम्मानित सभाबाट पारित भएका निति तथा कार्यक्रमको निरन्तरता रहेको छ भने केही बिषयहरु बदलिएको परिस्थिति तथा स्थानीय आवश्यकता र संभावना समेतका आधारमा तयार गरिएको व्यहोरा म यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

स्थानीय तहको गठन पश्चात संघीयताको कार्यान्वयन र लोकतन्त्र संस्थागत हुन शुरु भईसकेको मात्र नभई आफ्नो ठाउंको विकासमा जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित भई जनतालाई व्यबहारमा नै सार्वभौम बनाउने अवसरलाई उपयोग गर्न सबैको सहयोगको अपेक्षा गर्दछु ।

सभाध्यक्ष महोदय
यस नीति तथा कार्यक्रममा सबै वर्ग, तह र क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ । आवश्यक छलफल पश्चात सभाले स्वीकृत गर्नेछ भन्ने पुर्ण विश्वासका साथ यस फाकफोकथुम गाउंपालिकाको आ.ब. ०७५।७६ को बार्षिक नीति तथा कार्यक्रम वाचन गरी सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

१. समुन्नत तथा सम्मृद्ध समाज निर्माणमा महत्वपुर्ण साधनको रुपमा रहेको भौतिक पुर्वाधार क्षेत्रको एकिकृत तथा व्यबस्थित विकासका लागि दीर्धकालिन सोचका साथ आवधिक विकास योजना तयार गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।
२. प्राथमिकताका आधारमा गाउंपालिका र वडा कार्यालय भवनहरु क्रमश निर्माण गर्दै लगिनेछ ।
३. गाउंपालिका क्षेत्रको व्यबस्थित तथा योजनाबद्ध विकासका लागि विद्युत, सडक जस्ता पुर्वाधारहरुको विस्तृत अध्ययन गराई आयोजना प्रतिवेदन तयार गरी प्राथमिकताका आधारमा संघ र प्रदेशको योजनासंग नदोहोरिने गरी कार्यान्वयन शुरु गरिनेछ ।

४. निर्मित पुर्वाधारको नियमित मर्मत संभार, संरक्षण, संचालन एवं सम्बर्द्धन गर्न निजि, सहकारी तथा उपभोक्ता समितिहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

५. पर्यावरण समेतलाई ध्यानमा राखी गाउंपालिका स्तरीय विकास निर्माण मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

६. पेश्की शुन्य अभियानका लागि पेश्की दिने कार्यलाई निरुत्साहित गरी प्राबिधिक मुल्यांकनका आधारमा भुक्तानी दिने नीति अबलम्बन गरिनेछ, तर स्वीकृत खरिद योजना बमोजिम निर्माण सामग्री खरिद गर्नु पर्ने भई उपभोक्ताको लागत सहभागिता नगद नै रकम गाउंपालिकामा जम्मा गर्नेको हकमा पेश्की उपलब्ध गराउन सकिने छ ।

७. साना साना पुर्वाधारका योजनाहरुमा रकम विनियोजन गर्दा अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने यथार्थलाई दृष्टिगत गरी छिटो प्रतिफल दिने भौतिक पुर्वाधारसंग सम्बन्धित योजनाहरुमा बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

८. नयां सडकहरु निर्माण गर्ने भन्दा पनि भईरहेका सडकहरुलाई सबै समयमा सवारी साधन संचालन हुन सक्ने स्तरउन्नती गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

९. ग्रामिण सडक संजाल निर्माण तथा सिंचाई आयोजनाहरुको छनौट गर्दा कृषि पकेट क्षेत्र तथा पर्यटन प्रबर्द्धन समेतलाई आधार लिइनेछ ।

१०. ग्रामिण यातायात गुरुयोजना तयार गर्ने कार्यको शुरुवात गरि आगामी आ. ब. देखि सडक शिर्षकमा बजेट विनियोजन गर्दा उक्त गुरुयोजनालाई मार्गदर्शकको रुपमा लिइनेछ । भौतिक पुर्वाधारको निर्माणमा बाल तथा अपांग मैत्री संरचनामा जोड दिइनेछ

११. वडा कार्यालय र गाउंपालिका केन्द्र जोड्ने सडक निर्माणलाई प्रामिकता दिइनुका साथै सडकको स्तर अनुसार मापदण्ड तयार गरी कडाइका साथ कार्यान्वयन गरिनेछ ।

१२. जिल्ला यातायात गुरुयोजना र ग्रामिण यातायात गुरु योजनामा समावेश भएका तर मापदण्ड अनुसार कार्य गर्न अबरोध गरिने सडकमा लगानी नगर्ने नीति अबलम्बन गरिनेछ ।

१३. राजश्व परिचालनका लागि करका दर भन्दा दायरा फराकिलो बनाई कार्यान्वयन गरिनेछ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ मा २०७५ साल श्रावण १ गतेदखि अनिवार्य रुपमा एकिकृत सम्पती कर लगाउनु पर्ने व्यबस्था भएकोमा संघीय संसदमा पेश भएको आर्थिक विधेयक २०७५ मा उक्त ऐनको दफा ५५ संशोधनको प्रस्ताव भई विचाराधिन रहेको अबस्थामा संसदबाट विधेयक पास भई कानूनमा भएको व्यबस्था अनुसार सम्पति वा एकीकृत सम्पती कर संकलन गर्न आवश्यक व्यबस्था मिलाइनेछ ।

१४. स्थानीय स्तरमा रहेका पानीका मुहानहरुलाई संरक्षण र स्वच्छ राख्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१५. संचालनमा रहेका खानेपानी योजनाहरुको दीगो संचालन, मर्मत संभार जस्ता कार्य उपभोक्ता समिति समेतको लगानी तथा सहभागितामा गर्ने नीति लिइनेछ ।

१६. सडक लगायतका भौतिक पुर्वाधारका संरचना निर्माण गर्दा गराउंदा पानीको मुहानलाई हुन सक्ने क्षतीलाई न्यूनीकरण गर्ने उपायहरु अबलम्बन गर्ने नीति लिइनेछ ।

१७. स्वच्छ खानेपानी विकासको पुर्वाधार भएकोले खानेपानी नपुगेका वस्तीहरुमा स्वच्छ खानेपानी पुर्याउने कार्यलाई प्रथमिकता दिइनेछ ।

१८. समुदाय समेतको लागत सहभागितामा बिधुत प्राधिकरणसंग समन्वय गरी हालसम्म बिधुतको राष्ट्रिय प्रशारण सेवा नपुगेका वडा तथा बस्तीहरुमा बिधुतीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१९. वस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड तयार गरी लागु गरिनेछ ।

२०. गाउंपालिका क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरुको विवरण तयार गरी प्रचार प्रसार गरिनेछ ।

२१. ऐतिहासिक, धार्मिक तथा पुरातात्विक संरचनाहरुको संरक्षण तथा उपयोगलाई आय आर्जनसंग अन्तरसम्बन्धित गर्ने नीति अबलम्बन गरिनेछ ।
२२. स्थानीयस्तरमा रहेका सहकारी संस्थाहरुको पुंजीलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।
२३. प्रचलित कानून अनुसार स्वीकृती नलिएका तथा दर्ता नगरि संचालन भईरहेका पसल तथा उधोगहरुलाई अनिवार्य रुपमा दर्ता हुनु पर्ने व्यबस्थालाई कडाईका साथ लागु गरिनेछ ।
२४. बजार अनुगमन गरी गुणस्तरहिन तथा उपभोग मिति समाप्त भएका बस्तुहरु बिक्री गर्ने कार्यलाई निरुत्साहित गरिनेछ साथै सबै किसिमका व्यबसायमा मुल्यसुची राख्नुपर्ने व्यबस्थालाई कार्यान्वयन गरिनेछ ।
२५. निर्वाहमुखी कृषि प्रणालीलाई व्यबसायिक तथा निर्यातमुखि कृषि प्रणाली तर्फ उन्मुख गर्ने प्रयत्नलाई जारी राखिनेछ ।
२६. गाउंपालिका क्षेत्रमा कृषिको संभावनालाई पहिचान गरी पकेट क्षेत्रको रुपमा विकास गरी एकिकृत रुपमा सुविधा बिस्तार गर्न सहकारी तथा साना सिंचाई कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
२७. गाउंपालिका क्षेत्रमा बसोबास गर्ने कृषकहरुको आय आर्जनको मुख्य स्रोत मध्येको एक पशुपालन पनि भएकोले पशुको उन्नत नश्ल सुधार तथा गोठ सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
२८. कृषि व्यबसायलाई आधुनिकीकरण गर्न कृषि यन्त्रको प्रयोगलाई प्रोत्साहन गर्ने तथा लागत साझेदारीमा कृषि यन्त्र उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।
२९. व्यबसायिक रुपमा उत्पादन हुन सक्ने कृषि तथा पशुजन्य उत्पादनलाई औधोगिकिकरण गर्न प्रोत्साहन गरिनेछ ।
३०. गाउं क्षेत्रमा रहेका बिभिन्न समुहहरुलाई सहकारीताको माध्यमबाट गरिवी न्युनीकरण तथा सामाजिक पुंजी निर्माण गर्न जोड दिइने नीति लिइनेछ ।
३१. सहकारी संस्थाको संस्थागत क्षमता विकासका कार्यक्रम संचालन तथा सहकारीको नियमन गर्नका लागि आवश्यक कानून निर्माण गरी व्यबस्थित गर्ने नीति अबलम्बन गरिनेछ ।
३२. सुरक्षित मातृत्वको अबधारणालाई साकार पार्न तथा बाल मृत्यु दरलाई कम गर्नका लागि आवश्यक पुर्वाधार तथा जनशक्तिको व्यबस्थाको लागि आवश्यक समन्वय तथा पहल गरीनेछ ।
३३. गाउंपालिका पुर्ण खोप घोषणा सम्पन्न भई सकेको सन्दर्भमा यसका प्रावधानहरुलाई निरन्तरता दिइनेछ । साथै स्वास्थ्य सम्बन्धि चेतनामुलक कार्यक्रम संचालनलाई प्राथमिकता दिइनेछ ।
३४. अपांगता रोकथाम तथा पुनर्स्थापना, अपांगता भएका व्यक्ति महिला तथा बालबालिकाको संरक्षणमा हेरचाहका लागि उत्प्रेरणा कार्यक्रम साझेदारीमा सबै वडामा संचालन गरिनेछ ।
३५. सबै गाउंबासीहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा अनिवार्य रुपमा संलग्न गरिने नीति लिइने छ ।
३६. गाउंपालिका क्षेत्रभित्र रहेका सबै स्वास्थ्य चौकीहरुमा प्रसुती केन्द्र संचालनका लागि पहल गरिनेछ ।
३७. बिधालय भित्र र बाहिरका किशोर किशोरीहरु लक्षित यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।
३८. गाउंपालिका क्षेत्रका विधालय जाने उमेरका सम्पुर्ण बालबालिकालाई अनिवार्य विधालय भर्ना गराउन र बिचैमा विधालय छाड्ने प्रवृतीलाई निरुत्साहित गर्न विधालय मार्फत प्रोत्साहन गरी साक्षरता प्रतिशतमा सुधार ल्याइनेछ ।
३९. गाउंपालिका क्षेत्र भित्रका सामुदायिक विधालयहरुको भौतिक पुर्वाधार निर्माण तथा शैक्षिक गुणस्तर सुधार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
४०. नगरभित्र विद्यालय जाने उमेर समूहको बालबालिकाहरु विद्यालय जान नसक्नुको अवस्थालाई हेरी सबै किसिमको सहयोग उपलब्ध गराई विद्यालय भर्ना गर्ने नीति लिइनेछ ।

४१. सामुदायिक विधालयहरुको भौतिक पुर्वाधार सुधारलाई निरन्तरता दिइनेछ ।

४२. सामुदायिक बिधालयहरुको समयोजन, शिक्षक दरबन्दी मिलान र शिक्षक छनौट तथा पदपुर्ती गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने नीति लिइनेछ ।

४३. प्रत्येक शिक्षकले बालबालिकाको पढाई र सिकाईसंग सम्बन्धित भएर कक्षाको लागि छुट्टाइएको समय अवधिभर कक्षा कोठामा बिताउनु पर्ने अबस्थाको सृजना गर्ने नीति लिइनेछ ।

४४. गाउंपालिका क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरुको संरक्षण र प्रबर्द्धन गरिनुका साथै त्यस्ता सम्भाब्य स्थलहरुको पहिचान गरी अभिलेख व्यबस्थित गरिनेछ ।

४५. सामाजिक परिचालनको माध्यमबाट लक्षित समुहहरुलाई शसक्तिकरण गर्न मागमा आधारित सीपमुलक, आयआर्जन, सचेतना तथा अधिकारसम्बन्धि, जनस्वास्थ्य सुधार, बालमैत्री स्थानीय शासनलाई टेवा पुग्ने तथा रोजगारी सृजना गर्ने प्रकृतिका कार्यक्रमहरुलाई प्राथमिकता दिई सामाजिक समावेसीतालाई फराकिलो बनाइनेछ ।

४६. पुंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम तथा आयोजनाहरु संचालनमा लक्षित समुहहरुका लागि विनियोजित हुने रकमलाई प्राथमिकता दिइनेछ ।

४७. लक्षित समुह लाभान्वित हुने गरी संचालन गरिने कार्यक्रमहरु सबै जातजातीका विपन्न वर्गका आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वा पारिएका र सामाजिक बन्चितिकरणमा परेका समुदाय वा वर्गलाई प्रत्यक्ष रुपमा फाइदा पुग्ने प्रकृतीका हुने नीति लिईनेछ ।

४८. वडा समितिहरुसंग समन्वय गरी टोल विकास संस्था निर्माण तथा परिचालन अभियानको रुपमा संचालन गरनेछ ।

४९. सामाजिक, आर्थिक रुपले पछि परेका समुदायहरुको सामाजिक परिचालनको माध्यमबाट सशक्तिकरण गरी विकासको मुल प्रवाहमा समाहित गर्ने नीति अबलम्बन गरिनेछ ।

५०. समाजमा हुने फौजदारी प्रकृती बाहेकका साना तिना विवाद स्थानीय स्तरमा नै मध्यस्तताको माध्यमबाट मेलमिलाप गर्न गराउन वडास्तरीय संयन्त्र परिचालन गरिनेछ ।

५१. गैरसरकारी संस्थाहरुले गाउंपालिकाको नीति तथा कार्यक्रममा सहयोग पुर्याउने खालका कार्यक्रम मात्र संचालन गर्न स्वीकृती दिने नीति अबलम्बन गरिनेछ ।

५२. प्राकृतिक वा मानवीय कुनै पनि कारणबाट हुन सक्ने सम्भाब्य विपदबाट बच्न बचाउन सचेतना कार्यक्रम संचालन टोलबस्ती स्तरमा नै गर्ने कार्यलाई प्राथमिकता दिई सम्भाब्य विपदबाट हुने क्षति कम गर्न आवश्यक पर्ने न्यूनतम यन्त्र, साधन तथा औजारको उचित व्यबस्थापन गर्ने नीति अबलम्बन गरिनेछ ।

५३. सुशासन अभिबृद्धिका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, नागरीक वडा पत्र, सुचना पाटी, गुनासो व्यबस्थापन, लैंगिक उत्तरदायी बजेट जस्ता जवाफदेहिताका औजारहरुलाई अबलम्बन गरिनुका साथै गाउं कार्यपालिकाका महत्वपुर्ण निर्णयहरु वेबसाइट मार्फत सार्वजनिक गरिनेछ ।

५४. गाउंपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका लागि अध्ययन, अवलोकन भ्रमण, तालिम प्रशिक्षण संचालन गर्ने नीति अबलम्बन गरिनेछ ।

५५. नेपालको संविधानका एकल र साझा अधिकारको सुचीमा उल्लेखित वितीय श्रोत संकलनका क्षेत्रहरुको दायरा फराकिलो गरी बढी भन्दा बढी करदाताहरुलाई समेटी कानून बमोजिम कर, राजश्व, सेवाशुल्क, दस्तुर र दण्ड जरिवाना संकलन गरिने नीति अबलम्बन गरिनेछ ।

५६. स्थानीय साना स्रोतको सिचाईं आयोजना तथा आकाशेपानीलाई प्रविधियुक्त सिचाईं प्रणालीमा रुपान्तरण गर्दै कृषि योग्य जमिनलाई सिंचाई सुविधा उपलब्ध गराउने नीति लिइनेछ ।

५७. गाउंपालिकाका स्वास्थ्य चौकी नभएका वडाहरुमा स्वास्थ्य चौकी स्थापना गरी सेवाग्राहीलाई सुलभ स्वास्थ्य सेवा उपलब्ध गराइने नीति लिइनेछ ।

५८. निजी क्लिनिक, अस्पताल, ल्याव तथा स्वास्थ्य संस्थाहरुको सञ्चालन मापदण्ड तयार गरिनेछ । साथै नियमित अनुगमनलाई थप प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

५९. सामाजिक,आर्थिक तथा सास्कृतिक क्षेत्रमा पछि परेका महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपाङ्ग तथा उमेरका आधारमा निस्क्रिय अवस्थातर्फ उन्मुख ज्येष्ठ नागरिकहरुलाई सकारात्मक विभेदका आधारमा विकासमा सबैलाई सहभागी हुने अवसर प्रदान गरी समग्र विकास प्रक्रियामा सवै वर्ग, तह, क्षेत्र, समुदायको योगदानलाई साझा प्रयासमा समाहित गर्ने नीति अवलम्बन गरिनेछ ।

६०. बालबालिकालाई भविष्यको कर्णधारको रुपमा होइन वर्तमानमा विकासको साझेदारको रुपमा लिइनेछ । बालबालिकाहरुसँग सम्बन्धित विषयको नीति कार्यक्रम बनाउँदा बालबालिकाहरुको संस्थागत सहभागिता गर्ने गराउने नीति अवलम्वन गरिनेछ ।

६१. युवाहरुलाई रुपान्तरणको सम्वाहक र नेतृत्वको साझेदारको रुपमा विकास गर्दै सामाजिक, राजनितिक र आर्थिक क्षेत्रका समग्र जिम्मेवारी सम्हाल्न युवा नेतृत्वको विकास गर्ने गराउने प्रयास गरिनेछ । उद्यमशीलता विकास गरी युवाहरुलाई स्वरोजगार तर्फ आकर्षित गरिनेछ ।

६२. युवाहरुको सिर्जनशील उर्जा, सम्भावनाको विकासका लागि वातावरण निर्माण गरि हिंसा, दुर्व्यसन र अराजकतामा युवाहरुलाई दुरुपयोग गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्ने गराउने नीति रहनेछ ।

६३. गाउंपालिकाका सबै कार्यक्रमलाई संघीय सरकारले लिएको समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य हासिल गर्न सहायक हुने गरी संचालन गरिनेछ । यसका लागि समाजका सबै पक्षसंग समन्वय र सहकार्य गरिनेछ ।

अन्त्यमा, हामी राज्य पुनर्संरचना अन्तरगत नयां व्यबस्थाको अभ्यासको क्रममा नै छौं । यो समयमा हामी जति मेहनत, परिश्रम, योजनावद्ध कार्यक्रमका साथ अगाडी बढ्छौं त्यति नै छिटो गाउंपालिकालाई विकास र समृद्धिको पथमा अगाडि बढाउन सफल हुन्छौं भन्ने विश्वास लिएको छु । स्थानीय आवश्यकता तथा संभावना अनुरुपको आफ्नो नीति, कार्यक्रम तथा योजना आफैं तर्जुमा गरी विकासको गति र दिशा तय गर्ने यो ऐतिहासिक अवसर र चुनौती पनि भएकोले विकास, समृद्धि र सुशासनयुक्त नागरिकको स्थानीय सरकार स्थापना भएको विम्ब जनस्तरमा अनुभुति हुने गरी माथि उल्लेखित नीति तथा कार्यक्रमले यस गाउंपालिकाका जनताको आवश्यकता र अपेक्षा समेट्ने विश्वास लिएको छु । असल नीति तथा कार्यक्रमको परिणाम कार्यान्वयनबाट देखिने भएकोले यसको कार्यान्वयनमा सबैको भुमिका सक्रिय र सहयोगी हुने अपेक्षा गरेको छु । यो नीति तथा कार्यक्रम तयार गर्ने कार्यमा आफ्नो बुद्धि विवेक र परिश्रमले सहयोग गर्नु हुने सबैमा हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यबाद !

रामकुमार श्रेष्ठ
अध्यक्ष
फाकफोकथुम गाउंपालिका, इलाम